# विष्णुपुर गाउँपालिका, विष्णुपुर, सिरहा
# आ.ब. २०८३/०८४ को
# १२ औं गाउँसभा

## उपस्थिति

अध्यक्षता : श्री सत्य नारायण यादव

बैठक संख्याः- प्रथम

बैठक मिति : २०८३/०३/१० गते

बुधवार

स्थान :लक्ष्मीपुरको बैठक हल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सत्य नारायण यादव | सभा अध्यक्ष | |
| २ | श्री गीता कुमारी सिंह | सदस्य | |
| ३ | श्री भोगेन्द्र प्रसाद यादव | सदस्य | |
| ४ | श्री प्रमोद कुमार यादव | सदस्य | |
| ५ | श्री जय कुमार यादव | सदस्य | |
| ६ | श्री रामवावु यादव | सदस्य | |
| ७ | श्री जैनाथ महतो | सदस्य | |
| ८ | श्री लछुमन पासमान | सदस्य | |
| ९ | श्री राम किशोर साफी | सदस्य | |
| १० | श्री सुनिता देवी राम | सदस्य | |
| ११ | श्री निर्मला देवी यादव | सदस्य | |
| १२ | श्री वविता देवी यादव | सदस्य | |
| १३ | श्री चन्देश्वरी देवी पासमान | सदस्य | |
| १४ | श्री किसुन देव यादव | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | श्री शोभा कुमारी महतो | सदस्य | सोभा |
| १६ | श्री सोमनी देवी महरा | सदस्य | सोमनी |
| १७ | श्री वैजनाथ कामती | सदस्य | [illegible] |
| १८ | श्री राम रतन यादव | सदस्य | |
| १९ | श्री भूप नारायण यादव | सदस्य | [illegible] |
| २० | श्री रिता कुमारी यादव | सदस्य | |
| २१ | श्री जागेश्वर महतो | सदस्य | Jam |
| २२ | श्री अशोक कुमार यादव | सदस्य | [illegible] |
| २३ | श्री जमुनी चमैन | सदस्य | जौमनी |
| २४ | श्री सिफेत यादव | सदस्य | सिफेत |
| २५ | श्री राम अशिष यादव | सदस्य | [illegible] |
| २६ | श्री विन्देश्वरी देवी पासमान | सदस्य | [illegible] |
| २७ | श्री महेश रायमाझी | सदस्य | |
| २८ | श्री वुधेश्वर साफी | सदस्य | वुधेश्वरसाफी |
| २९ | श्री गुलाव कुमारी सिंह | सदस्य | गुलाव |
| ३० | श्री दुखि कापर | सचिव | [illegible] |

CamScanner

# विष्णुपुर गाउँपालिकाका अध्यक्ष श्री सत्य नारायण यादव ज्यूबाट
## १२ औं गाउँसभाको अधिवेशनबाट पारित हुने
## आ.व.२०८३/०८४ को बार्षिक नीति तथा बजेट
## सम्बन्धी
## संक्षिप्त वक्तव्य

यस विष्णुपुर गाउँसभाको १२ औं अधिवेशनबाट आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत हुने समारोहको शुभ घडीमा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई नयाँ नेपालको परिकल्पना भित्र विष्णुपुर गाउँपालिकाको उज्वल भविष्य सुनिश्चत गर्ने सोचका साथ विष्णुपुर गाउँपालिकाको १२ औं गाउँसभाको अधिवेशनबाट पारित हुने आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत हुने समारोहको यस गरिमामय अवसरमा आफ्नो अमूल्य समय दिई हाम्रो निमन्त्रणालाई सहजरुपमा स्वीकार गरी समारोमा पाल्नु भएकामा सबै महानुभावहरुमा म आफ्नो व्यक्तिगत तर्फबाट र विष्णुपुर गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत र सम्मान व्यक्त गर्दछु ।

आफनो क्षेत्रको विकासको लागि स्रोत साधनको सन्तुलित परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानरुपमा वितरण गरी सामाजिक समानता कायम गर्न विकासमा सबै वर्गका जनताको सहभागिता अभिवृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्न नेपालको संविधान एवं स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम व्यापक अधिकार प्राप्त गाउँ सभाबाट पारित हुने आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम एवम् सभाका निर्णयहरु सम्पुर्ण गाउँसभाका सदस्यहरु समक्ष प्रस्तुत गर्न पाँउदा म लगायत सिंगो गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ विभिन्न काल खन्डमा भएका एतिहासिक संघर्ष र जन आन्दोलन, मधेश आन्दोलन तथा जेन-जी पुस्ताको आन्दोलनमा देश र जनताको लागि आफनो प्राण उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात-अज्ञात महान शहीदहरुप्रति अत्यन्त निष्ठापुर्वक आफनो श्रृदा सुमनअर्पण गर्दै वहाहरुको आत्माको चिर शान्तिको कामना गर्दछु र सम्पूर्ण सहिद परिवारहरु प्रति सम्मान समेत व्यक्त गर्दछु । साथै विभिन्न चरणका आन्दोलनका क्रममा घाइते भइ शारीरीक तथा मानसिक रुपमा अशक्त हुनु भएका व्यक्तिहरुप्रति हार्दिक साहनुभुति प्रकट गर्दै वहाँहरुको सहज र शुखि जीवनको कामना गर्दछु ।

आदरणीय सदस्यहरु,

विकास प्रक्रियालाई सरल, सहज, जनमुखि, पारदर्शी एवं प्रभावकारी रुपमा अगाडी बढाउन व्यवस्थित योजना तर्जुमालाइ पुर्व शर्त मानिन्छ । जनताले आफनो आवश्यक्तालाई सम्बोधन गर्ने योजनाहरु आफनै सहभागितामा छनौट गर्न सक्नु भने अवधारण अनुरुप न्युन्तम समयको उपयोग

गर्दै आ.व २०८३/०८४ को लागि टोल-टोल बस्ति-बस्तिबाट सहभागिता मुलक पद्धती अनुसार योजना संकलन गरी वडा भेलाबाट प्रस्तावित योजना तथा कार्यक्रम उपर गाउँकार्यपालिकामा व्यापक छलफल गरी तयार पारिएको एकीकृत योजनाको नीति आजको यो १२ औं अधिवेशनमा पारित गर्नको निमित पेश गर्दछु । प्रस्तुत बजेट योजना तथा कार्यक्रम केन्द्रीय योजना बाहेकका आयोजनाहरु अगामी आर्थिक बर्ष भित्रै सम्पन्न हुने गरी तयार पारेको छु । विष्णुपुर गाउँपालिकाको विद्यमान सम्भावनाहरुलाई समान प्रायमिकताका साथ गम्भिर भएर परिचालन गर्नु पर्ने चुनौती हामी सामु आएको छ । जसको सामना विकासमा सहमतिको नाराले मात्र गर्न सकिने देखिन्छ । विष्णुपुर गाउँपालिकालाई सही दिसा प्रदान गर्न विगतका प्रयासहरुको समिक्षा गरी त्रुटीहरुलाइ दोहरीन नदीई सफलताहरुको अनुकरण तथा परिवर्तित सन्दर्भलाई सम्बोधन गर्ने गरि नयाँ अभ्यासहरुको थालनी गर्नु आजको आवश्यकता भएको देखिएको छ ।

**आदरणीय सदस्यहरु,**

सबै सकारात्मक उपलब्धि हुँदाहुदै पनि विष्णुपुर गाउँपालिकाको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मूलभुत चुनौतीहरुलाई सामान गर्न देहाय बमोजिमको नीति यस गाउँपालिकाले लिएको छु ।

विकासका आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, राजनैतीक तथा प्रशासनिक विकासमा गत विगत भन्दा आर्थिक बर्ष २०८२।०८३ मा धेरै चुनौतीहरुलाइ सामना गर्दै साकारात्मक उपलब्धि भएको कुरा आमजनतालाइ महसुस भएकै छ । तथापी चुनौती रहीत भने छैन त्यसैले विकासका हरेक पक्षमा भएका समस्याहरुलाई औल्याउँदै त्यसमा आएका चुनौतीहरुलाई सामना गर्दै सकारात्माक उपलब्धि हासिल गर्ने उदेश्य लिइ आर्थिक बर्ष २०८३/०८४ को बजेट तयार गरिएको छ ।

**आदरणीय सदस्यहरु,**

अव म यस गरिमामय समारोह समक्ष गाउँसभाको अधिवेशनबाट पारित हुने आर्थिक बर्ष २०८३/०८४ को मुख्य मुख्य नीति तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्ने अनुमति चाहन्छु । विस्तृत विवरण पछि पुस्तकमा प्रकाशन हुने गरी सम्भवत अधिकांश मानिसहरुको हातमा पुर्याउने छु ।

आर्थिक बर्ष २०८२।०८३ मा गाउँसभाले पारीत गरेका नीति तथा कार्यक्रमहरु मध्ये कार्यान्वयन भईसकेको नीति तथा कार्यक्रमहरु बाहेक चालु अवस्थामा रहेको नीति तथा कार्यक्रम र कार्यान्वयन गर्न बाँकी रहेका नीति तथा कार्यक्रमहरुलाइ अगामी आ.व. २०८३।०८४ मा प्रायमिकताका साथ निरन्तरता दिईनेछ ।

CamScanner

## पूर्वाधार संरचना विकास

१. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ ।

२ गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।

३ गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

४ वडा समितिको सिफारिस तथा गाउँ कार्यपालिकाबाट पेश भै आएको योजनाहरुलाइ प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभन्वित वर्गको आधारमा कार्यान्वयन गरिनेछ ।

५. एक वडा एक कालोपत्रे सडक निर्माण कार्यलाई अगामी आ.ब. २०८३/०८४ मा समेत निरन्तरता दिइनेछ साथै थप कालोपत्रे सडक निर्माण कार्यको लागि आवश्यक पहल गरिनेछ ।

६. यस गाउँपालिकालाई विकास उन्मुख तथा आधारभुत सिटीको रुपमा स्थापित गर्न गुरुयोजना तयार गरिने छ । सोही अनुरुप पुर्वाधार विकास गरिनेछ ।

७. ऐतिहासिक एवं धार्मिक, संस्कृतिक महत्वका पोखरीहरु तथा स्थलहरुलाई थप व्यवस्थित गरिनेछ ।

८. गाउँमा पुर्वाधार विकासको निमित निजि तथा गैर सरकारी क्षेत्रको लगानी भित्र्याईनेछ ।

९. पुरानो बजारहरुलाइ क्रमशः सुधार गरी आवश्यकतानुसार सडक चौडा (फराकिलो) गर्ने, ढल तथा नालाको व्यवस्था गरीने छ ।

१०. पुर्वाधारका कार्यक्रम संचालन गर्दा अपाङ्गमैत्रि, बालमैत्री, वातावरणमैत्री मापदण्ड वमोजिम संचालन गरिनेछ ।

११. आवश्यकता अनुसार अन्य पुर्वाधार निर्माण गरिनेछ ।

१२ विष्णुपुर चौकको बजार र थल्हाको दुर्गा मन्दिरलाई थप व्यवस्थित बनाइनेछ ।

१३. गाउँपालिका स्तरीय सामुदायिक भवन विष्णुपुर चौकमा र थल्हा कुट्टीको जमिनमा सामुदायिक भवन निर्माण गर्न आवश्यक बजेट माँग संघिय तथा प्रदेश सरकारबाट गरिनेछ ।

१४. हरिनगराको पोखरी, विष्णुपुरको गुरुजीवाला पोखरी, राजपुर मा.वि. स्कुल छेउको पोखरी, थल्हाको दुर्गा मन्दिर छेउको पोखरी, लक्ष्मीपुरको पुरानो पोखरी, रजोखैरको बडकी पोखरी र शोभापुरको रामजानकी पोखरीहरुलाई सौन्दर्यीकरण गर्ने आवधारणा लिएको छु ।

CamScanner

१५. विष्णुपुर गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य अवरुद्ध रहेकोमा अगामी आ.व. २०८३/०८४ मा उक्त भवनको निर्माण कार्य तदानरुकताका साथ संचालन गरी सोही आ.व. भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

१६. गाउँपालिकाले निर्माण गरेका सडकलाई नियमित रुपमा मर्मत संभार गरी आवागमनलाई बाहै महिना सहज बनाइनेछ ।

१७. यस आ.व.मा गुरुदयालको बगैचा देखि पूर्व मूल नहरसम्म सडक ढलान कार्यको योजनाको ठेक्का सम्झौता प्रकृया अगाडी बढेको र अगामी आ.व. २०८३/०८४ मा समेत संघिय सरकारको सम्पुरक अनुदान तर्फ बजेट स्वीकृत भई प्राप्त हुन आएकोले उक्त निर्माण कार्य संचालन हुनेछ ।

## सूचना संचार सम्वन्धी नीति तथा कार्यक्रम

१. विकासको लागि संचार भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिका क्षेत्रमा रहेका प्रेस मिडियाहरुको विकास र प्रवद्धनको लागि समावेशी विज्ञापन प्रणाली लागू गरिनेछ ।

२ आम नागरिकलाई विधुतीय माध्यमको सूचना प्रविधिको पहुँचमा राख्नलाई प्रत्येक वडामा उपलव्ध गराईएको फ्री इन्टरनेटको सेवालाई निरन्तरता दिइनेछ ।

३. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

४. राजश्व दाखिलालाई प्रविधि मैत्री वनाउन अहिले सम्म सेवाग्राहीहरु कार्यालयमै आएर दाखिला गर्नुपर्ने बाध्यतालाई अन्त गर्न सेवा ग्राहीले घरवसीवसी राजश्व दाखिल गर्न सकिने प्रविधिको विकास गर्ने कार्यलाई थप परिमार्जित गरिनेछ ।

५. गा.पा. कार्यालय र प्रत्येक वडा कार्यालयहरुमा VOIP सेवा जडान गरी गा.पा. कार्यालयको टेलिफोनिक सम्पर्क गर्न सहजता प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

६. गाउँकार्यपालिकाको कार्यालय र प्रत्येक वडा कार्यालयहरुको सम्पूर्ण डाटा सुरक्षित राख्न र अनुगमन गर्नको लागि सर्भरको व्यवस्थापन गरिनेछ ।

## श्रम तथा रोजगार नीति

१. आन्तरिक रोजगारी प्रवद्धनका लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुलाई उधमशिलता प्रवद्धन कार्यक्रम संचालन गरिनेछ ।

२ रोजगार संवाद मंच गठन र रोजगार रणनीति अगामी आ.व. देखि लागू गरिनेछ ।

३. श्रम स्वीकृतमा सहजीकरण हुँदै आएकोमा अगामी आ.व.मा कन्सुलर सेवा विभागबाट उपलव्ध हुने सेवा यस पालिकाबाट उपलव्ध गराईनेछ ।

४. वैदेशिक रोजगारीमा मृत्यु भएका, अंगभंग तथा गम्भीर किसिमको विरामीहरुलाई यस पालिकाबाट विमा रकम र वैदेशिक रोजगार बोर्डबाट पाउने क्षतिपुर्तिको लागि आवश्यक कानुनी परामर्श तथा अनलाईन माध्यमबाट सेवा दिइनेछ ।

## जनसंख्या तथा सामाजिक विकास:-

१. विपन्न तथा दलित जातिका समुदायमा मृत्यूपश्चात किरिया खर्च बापत गा.पा.बाट रु. ११ हजार प्रदान गरिनेछ ।

२ जनस्तरबाट सञ्चालित सामुदायिक विद्यालयहरुलाइ गाउँपालिकाबाट अनुगमन गरी शिक्षक व्यवस्थापन तथा भौतिक पुर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

३. कार्यरत विभिन्न तहका शिक्षकहरुलाई समय सापेक्ष प्रविधि मैत्री तालिम दिई शिक्षाको गुणस्तरमा वृद्धि गरिनेछ ।

४. गरिब दलित विपन्न अल्पसंख्यक तथा सीमान्तकृत महिलाहरुको उत्थान र सशक्तिकरणमा विशेष जोड दिईनेछ ।

५. स्थानीय मेलमिलाप मध्यस्थताको व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गरिनेछ ।

६. स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिईनेछ ।

७. लैङ्गिक विभेद, हिंसा तथा शोषण, बालविवाह रोकथामका लागि अभिमुखीकरण एवं सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## महिला, बालबालिका तथा अन्य लक्षित वर्ग:-

१. विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. बाल क्लब गठनलाइ प्रथमिकता दिई बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धी कार्यलाई प्रथमिकताका साथ कार्यान्वयन गरि बालमैत्री गाउँपालिका तुल्याउने नीति लिएको छ ।

३. पिछडावर्ग, दलित एवं पछाडि परेको वर्गको हक अधिकारको प्रवर्द्धन एवं निर्णय प्रक्रियाको मुलधारमा सहभागिता अभिवृद्धि गर्दै सशक्तिकरण, क्षमता विकास, सीप विकास एवं चेतनामुलक कार्यक्रमहरु तथा लक्षित कार्यक्रमहरुलाई अगामी आ.ब.मा समेत निरन्तरता दिईनेछ ।

४. महिला तथा विपन्नहरुका लागि गा.पा.को तर्फबाट निशुल्क लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालन गरिनेछ ।

## वातावरण संरक्षण, खानेपानी तथा सरसफाईः-

१. विष्णुपुर गाउँपालिका अन्तर्गतका मुख्य हाटबजार क्षेत्रलाई सफा सुघर कायम राख्न गाउँपालिकाबाट आवश्यक प्रवन्ध गरिनेछ ।

२.. खाली पर्ती जग्गामा उपभोक्ता समुह विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरिने छ ।

३.. स्वच्छ खानेपानीको सहज आपूर्तिको लागि ओभरहेड टयांक निर्माण तथा आर्टिजन कल जडान कार्यहरुको लागि चालू आ.ब. मा अम्हा गढियामा ओभरहेड टयांक निर्माण कार्य सम्पन्न प्रकृया रहेको छ ।

४. स्वच्छ खानेपानीमा सबैको पहुँचको लागि हयाण्ड पाईप खरिद तथा जडानको अवधारणा ल्याईएको छ । तर दलित, गरिव, असाहय विपन्न तथा अल्पसंख्यक परिवारलाई प्राथमिकता दिई निशुल्क वितरण कार्य गरिनेछ ।

## शिक्षा, यूवा तथा खेलकुद

१. शिक्षामा लगानी सुनौलो विहानी भन्ने नाराका साथ वालविकास र कक्षा १ मा सतप्रतिशत विद्यार्थी भर्ना गरिनेछ । एक वडा एक नमूना बालविकास केन्द्र अभियान संचालन गरिनेछ । बालविकास केन्द्रहरुको स्तरउनन्ती गरिनेछ ।

२. यस विष्णुपुर गाउँपालिका वडा नं १ स्थित श्री जनता माध्यमिक विद्यालय गौरीपुर विष्णुपुरलाई नमूना विद्यालय बनाउनको लागि आवश्यक तयारी गरिनेछ ।

३. प्रत्येक वडामा कम्तीमा एउटा विद्यालयमा कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमवाट पठनपाठनको व्यवस्था अनुरुप अगामी वर्षहरुमा क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

४. विष्णुपुर गा.पा. अन्तर्गत रहेका ४ वटै सामुदायिक माध्यमिक विद्यालयहरुमा अगामी आ.व. देखि डिजिटल हाजिरीको व्यवस्था गरिनेछ साथै सम्पूर्ण विद्यालयहरुमा क्रमशः डिजिटल हाजिरीको अवधारणालाई कार्यान्वयन गरी अनुगमन तथा सुपरिवेक्षणको लागि पालिकावाट नै हुने गरी अगामी आ.व.मा नेटवर्किङ्गको व्यवस्था मिलाईनेछ ।

५. विद्यार्थी भित्र अन्तरनिहित प्रतिभालाई प्रस्फुटनका लागि विभिन्न शैक्षिक तथा खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. सामुदायिक विद्यालयका जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. सामुदायिक विद्यालयहरुलाई हरित विद्यालय बनाउने अवधारणाको नीति लिइनेछ ।

८. सामुदायिक विद्यालयहरुमा बालमैत्री विद्यालयको अवधारणालाई स्थापित गरिनेछ साथै बालविकास केन्द्रहरुमा थप शैक्षिक सामग्रीहरुको व्यवस्था तथा सहयोगी कार्यकर्ताहरुलाई नेपाल सरकारले घोषणा गरेको तलव सुविधा प्रदान गरिनेछ ।

९. साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरि यस गाउँपालिकामा निरक्षरता उन्मूलन गरिने छ ।

१०. गा.पा. भरीको सामुदायिक विद्यालयहरुमा संचालनमा रहेका निशुल्क पाठ्यपुस्तक वितरण, दिवा खाजा कार्यक्रम, छात्रा तथा दलित छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न गा.पा. स्तरबाट सघन रुपमा अनुगमन गरिनेछ ।

११. गाउँपालिकाका क्षेत्र भित्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरिने छ । त्यसका लागि विद्यार्थी शिक्षक अनुपातको अध्ययन गरी आवश्कतानुसार स्वयमंसेवक शिक्षक भर्ना तथा व्यवस्थापन गरिनेछ ।

१२. सामुदायिक विद्यालयहरुलाई पुर्वाधारमा सुधार गरिनेछ ।

१३. अन्तर विद्यालय, शिक्षण अवधारणालाई निरन्तरता दिईनेछ ।

१४. शैक्षणिक क्रियाकलपालाई प्रविधियुक्त बनाउन माध्यमिक तहहरुमा पहिलो चरणमा Digital Board/Smart Board को अवधारणा लागू गरी शिक्षण सिकाई गर्न प्रत्येक विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध गराइएको तथा अगामी दिनमा सो को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१५. खेलकुदको स्तर विकास गर्न गाउँपालिका क्षेत्रका खेलाडीहरुलाइ मनोवल उच्च राख्नको लागी गाउँपालिका स्तरमा खेलग्रामको स्थापना गर्न तत्परताका साथ अगाडी बढ्नेछु तथा गाउँपालिकाबाट अध्यक्ष फुटवल रनिगं प्रतियोगिताको आयोजनामा बजेटको व्यवस्था हुँदा उक्त कार्यक्रम संचालनमा रहेको छ । अगामी आ.व.मा हरुमा समेत सो कार्यक्रमहरु संचालन तथा सम्पन्न गर्ने आवधारणा लिएका छौं ।

१६. स्वस्थ, शिक्षित, समावेशी, सुसंस्कृत र सभ्य समाजको सिर्जनाका लागि गाउँपालिका क्षेत्रमा रहेका सवै वर्गको यूवाको संतुलित विकासको नीति लिइनेछ ।

१७. लागू औषत दूर्व्यसनी विरुद्धको अभियान संचालन गरिनेछ । यूवा सक्रियताका लागि यूवा क्लव तथा यूवा संजाल गठन गरिनेछ । गा.पा.का यूवाहरुमा नेतृत्वसीप विकास गराउन विभिन्न कृयाकलापहरुमा यूवाको सहभागीतालाइ प्राथमिकता दिइनेछ ।

१८. यस गा.पा अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा रहेको अधुरो विद्यालय भवन संरचनाहरुलाई क्रमागत रुपमा सम्पन्न गर्ने अवधारणा लिएको छु ।साथै सामुदायिक विद्यालयहरुलाई हालसम्म वि.व्य.स. गठन नभएका विद्यालयमा वि.व्य.स. गठन गर्न आवश्यक प्रकृया अगाडी वढाईनेछ ।

१९. संस्थागत विद्यालयहरुको नियमन गरी थप व्यस्थित गरिनेछ ।

२०. यस गा.पा. क्षेत्रभित्रका विद्यालयहरुलाई IEMIS मा अक्ष सशक्त बनाईनेछ ।

२१. अगामी आ.ब.मा सामुदायिक विद्यालयहरुको डिजिटल नक्साकंनको कार्य गरिनेछ ।

CamScanner

## स्वास्थ्य

१. हाल वडा नं. १ स्थित विष्णुपुर स्वास्थ्य चौकीमा वर्थिगं सेन्टर संचालनमा रहेको र अगामी वर्षहरुमा गाउँपालिका भरीको स्वास्थ्य संस्थाहरुमा क्रमश वर्थिगं सेन्टरको व्यवस्थापन गरिनेछ ।

२. हाल संचालनमा रहेका स्वास्थ्य सम्बन्धी विभिन्न खोप कार्यक्रमहरुलाई निरन्तरता तथा पूर्ण खोपको दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. हाल नेपाल सरकार तथा प्रदेश सरकारवाट घोषणा गरिएका औषधीहरु प्रत्येक स्वास्थ्य संस्था मार्फत समयमा नै निशुल्क उपलब्ध गराईरहेको कार्यलाई अगामी आ.व.मा पनि निरन्तरता दिईनेछ । यस गा.पा. अन्तर्गत वडा नं. १ वडा कार्यालयमा संचालन रहेको आयुर्वेद औषधालयमा चालू आ.व.मा निशुल्क औषधी वितरणको व्यवस्था मिलाईएको छ र अगामी आ.व.मा पनि निरन्तरता दिईनेछ ।

४. स्वास्थ्य संस्थावाट परिचालित स्वास्थ्य स्वयमंसेविकाहरुको मनोवल उच्च राख्न गा.पा. वाट प्रोत्साहन स्वरुप वार्षिक यातायात खर्च उपलब्ध गराईनेछ ।

५. गम्भिर अवस्थामा रहेका विरामीहरुलाई समयमै अस्पताल पुग्नका लागि गा.पा.वाट एउटा एम्वुलेन्सको व्यवस्था गर्ने अवधारणा लिएको हुँदा हुँदा विभिन्न कारणले उक्त कार्यक्रम हुन नसकेकोले उक्त कार्यक्रमलाई अगामी आ.व.मा प्राथमिकतामा राखि पूरा गरिनेछ ।

६. अगामी आ.ब. मा गर्भवती महिलाहरुको लागि ग्रामीण अल्ट्रासाउण्डको सेवा घुम्तीको रुपमा सवै वडामा संचालन हुने व्यवस्था गरेको छु ।

## कृषि विकास तथा सहकारी:-

१. किसानको मान, विष्णुपुरको पहिचान भन्ने मूल नाराका साथ नेपाल सरकारवाट शुरु गरिएको किसान सुचीकरणको अभियान संघिय तथा प्रदेश सरकारको सहकार्यमा सम्पन्न गरी कृषि क्षेत्रको तथ्यांक अद्धावधिक तथा किसान परिचय पत्र वितरण गर्ने अवधारणा वमोजिम चालू आ.व.मा किसान सुचिकरणको कार्य संचालनमा रहेको र उक्त कार्यलाई अगामी आ.व.मा समेत निरन्तरता दिई सम्पन्न गरिनेछ ।

२. कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सहकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

३. गाउँपालिका क्षेत्रका उर्वर तथा सुख्खा क्षेत्रका भूमिलाइ सिंचित गर्न निशुल्क सिचाँईको लागि चालू आ.व.मा सिंचाई वोडिङ्गको व्यवस्था गरिएको छ । अगामी आ.ब.मा समेत निरन्तरता दिईनेछ ।

४. गाउँको उत्पादन वजारमा वजारीकरण गर्नको निमित्त उचित व्यवस्था गरिनेछ ।

CamScanner

५. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईनेछ ।

६. हरियो घासको खेतिलाइ बढौंवा दिई विविध पशुजन्य उत्पादनलाई सवर्द्धन प्रवर्द्धन गर्न चालू आ.व.मा निशुल्क घास विउ वितरण गरिएको छ । उक्त कार्यक्रमलाई आगामी आ.व.मा निरन्तरता दिईनेछ ।

७. विकास र समृद्धिमा सहकारी सँगको सहयात्रा भन्ने नारा सहित ग्रामीण स्तरसम्म सहकारीको सेवा विस्तार गर्न प्रोत्सहन गरिनेछ । सहकारी संस्थाहरु एक आपसमा गाभिएमा प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

८. गाउँपालिकामा रहेका सवै वैंक तथा वित्तिय संस्थाहरुको सुरक्षा प्रवन्ध गरिनेछ । वैंकिङ कारोवारलाई नगद रहित (Cash Less) वनाउन वैंक तथा वित्तिय संस्थाहरुसँग समन्वय र सहजीकरण गरिनेछ ।

**राजस्वः-**

१. एकीकृत सम्पति कर लागु गरी कर प्रणालीलाई वढी सरल र प्रभावकारी बनाउन विस्तृत अध्ययन गरिने छ ।

२. उद्योग व्यवसायी संगको सहकार्य र समन्वयमा व्यवसाय करलाइ व्यवस्थित र प्रभावकारी बनाई सवै व्यवसायलाइ करको दायरामा ल्याइने छ ।

३. वार्षिक रु १ लाख भन्दा वढी कर तिर्ने कर दाताहरुको अभिलेख राखी निजहरुलाइ विषेश रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइने छ ।

४. गाउँपालिकाका विविध सेवाहरु उपलब्ध गराउन अतिरिक्त दस्तुर लिइ घरदैलो सेवा उपल्वध गराइने निति अवलम्वन गरिनेछ ।

५. गाउँपालिका अन्तर्गत रहेको सार्वजनिक पोखरी, हाटबजार लगायत अन्य भौतिक संरचनावाट प्राप्त हुने राजश्व आम्दानीलाई वैंकिङ प्रणाली मार्फत नियमित, पारदर्शि र व्यवस्थित गरिनेछ ।

६. गाउँपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुवाट प्राप्त हुने दैनिक राजश्व आम्दानीलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

७. वडा कार्यालयवाट भूमी तथा मालपोत करको मुख्य आम्दानी रहेकोमा उक्त करलाई वृद्धि गर्ने अवधारणा लिई यस पालिकाको जग्गा वर्गीकरण कार्य सम्पन्न हुने अवस्था रहेको छ ।

CS CamScanner

८. यस गाउँपालिकाबाट तालिकाको शिर्षकमा चालु आ.व. २०८३/०८४ मा निशुल्क सेवा प्रदान गर्दै आइरहेकोमा आगामी आ.व. २०८३/०८४ मा समेत निशुल्क सेवा प्रदान गरिनेछ ।

| सि.नं. | विवरण |
|---|---|
| १ | सरसफाई शुल्क |
| २ | निवदन दस्तुर |
| ३ | बिपन्नता सम्बन्धी, छात्रवृत्ति, निशुल्क औषधी उपचार सम्बन्धी सिफारिस दस्तुर |

**न्यायिक समिति तथा सामुदायिक मेलमिलाप सेवा नीति-**

१. गाउँपालिका अन्तर्गत रहेका सामुदायिक मेलमिलाप सेवालाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

२. गाउँपालिका अन्तर्गत रहेका मध्यस्तकर्ताहरुको सीप र क्षमता अभिवृद्धिका लागि पुर्नताजगी तालिम र अन्य पालिकामा भएका नविनतम् अभियासहरुको अनुसरण गर्दै मेलमिलापको नीतिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

३. न्यायिक समितिमा आएका मुद्दाहरुको सुनुवाई, गोपनियता र फैसलाका लागि आवश्यक पर्ने कानूनी सल्लाहकारको परामर्श सेवा मार्फत न्यायिक समितिको कार्यलाई व्यवस्थित बनाईनेछ ।

४. न्यायिक समितिका सदस्यहरुलाई प्रदान गर्दै आईरहेको संचार तथा यातायात सुविधालाई निरन्तरता दिइनेछ ।

५. मेलमिलाप समन्वय कर्ताको व्यवस्था गरिनेछ ।

६. न्यायिक परामर्शको लागि कानूनी सल्लाहकारको व्यवस्था गरिनेछ ।

**विपद् व्यवस्थापन नीति-**

१. सबै प्रकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ ।

२. विपद् व्यवस्थापनमा स्वयम् सेवक परिचालनको नीति अवलम्वन गरिनेछ साथै विपद् व्यवस्थापनमा खटिने स्वयम् सेवकको ज्ञानसीप र क्षमताको विकास गरिनेछ ।

३. विपद् व्यवस्थापनमा संलग्न रेडक्रस, गैरसरकारी संस्था, संचार माध्यम, सामुदायिक संस्था, नागरिक समाज र अन्य सरकारी निकायहरुसँग सहकार्य गरी विपद् पूर्व तयारी, रोकथाम, प्रतिकार्य, न्यूनीकरण र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

४. विपद् व्यवस्थापन सम्बन्धी कार्यविधि बनाई कार्यविधि अनुसारको अन्य विपद् व्यवस्थापनको कार्य पूरा गरिनेछ ।

**प्रशासन, सुशासन तथा पारदर्शिताः-**

१.. गाउँपालिका कार्यालयका प्रत्येक शाखाको अभिलेख प्रणाली लगायत अन्य व्यवस्थापनमा समयानुकुल सुधार गरि लगिनुका साथै कार्यालय संगठन, शाखा, उपशाखा र कर्मचारीको कार्यविवरण तयार गरि अद्यायवधिक गर्दै लगिनेछ ।

२.. गाउँपालिका कर्मचारीहरुलाइ नेपाल सरकारले तोके बमोजिमको तलव, भत्ता बृद्धिलाई कार्यान्वयन गरिने छ । पोशाक भत्ता बापतको रकम उपलब्ध गराइ तोकिएको पोशाक र परिचय पत्र अनिवार्य रुपमा लगाउने व्यवस्था गरीने छ ।

३.. कार्यलयका कर्मचारीहरुमा स्वछ आचरणको निर्माण गरी सेवाग्राही प्रति मर्यादित पुर्ण व्यवहार गर्ने नितिलाइ प्रभावकारी बनाइने छ ।

४.. E-governance को अवधारणा बमोजिम गाउँपालिकाको क्रियाकलापलाइ व्यवस्थित गरिने लगिने नीति अंगिकार गरिनेछ ।

५. सामाजिक सुरक्षा तथा व्यत्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गर्नको निमित्त स्रोत साझेदारी गरी कार्यक्रमलाई निरनतरता दिईनेछ ।

६. यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न प्रदान गर्दै आएको सुविधामा वृद्धि गरिनेछ ।

**धार्मिक सांस्कृतिकः-**

१। विष्णुपुर गाउँपालिकाले आफ्नो धार्मिक सांस्कृतिक परम्परा, रितिरिवाजलाई संरक्षण संवद्धन गर्नेछ र आफ्नो पहिचानलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिचित गराउन वर्षमा १ (एक) चोटी संचालन भैरहेको विष्णुपुर मेला महोत्सवलाई थप व्यवस्थित गरिनेछ ।

आदरणीय माहानुभावहरु,

माथि उलेखित क्षेत्रगत नीतिहरुको सफल कार्यान्वयन गर्न विष्णुपुर गाउँसभाको १२ औं अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को लागि देहाय बमोजिमको आय व्यय सम्मानित सभा समक्ष निवेदन गर्न चाहन्छु । कुल वार्षिक बजेट रु. ३९ करोड १२ लाख २० हजार रुपैया अनुमान गरीएको छ ।

## आयको विवरण (बजेट बाँडफाँड)

आ.व. २०८३/०८४

| शीर्षक | आ.व. २०८३/०८४ को अनुमान |
|---|---|
| आयः | |
| राजस्वः | |
| आन्तरिक राजस्व | १ करोड |
| गत वर्षको नगद मौज्दात (अल्या) | ३ करोड |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | |
| नेपाल सरकारबाट प्राप्त | |
| सशर्त अनुदान (चालू) | १३ करोड |
| सशर्त अनुदान (पुँजीगत) | २८ लाख |
| समपूरक अनुदान | १ करोड ४८ लाख |
| विशेष अनुदान | २ करोड ८५ लाख |
| वित्तीय समानिकरणबाट प्राप्त रकम | ८ करोड १९ लाख |
| राजश्व बाँडफाँडबाट प्राप्त रकम | ८ करोड २ लाख ४६ हजार |
| प्रदेश सरकारबाट प्राप्त | |
| वित्तीय समानीकरण अनुदान | ५४ लाख ५५ हजार |
| सशर्त अनुदान (पुँजीगत) | २० लाख |
| सम्पुरक अनुदान | |
| विशेष अनुदान | २० लाख |
| राजश्व बाँडफाँड | ३५ लाख १९ हजार |
| कूल जम्मा | ३९ करोड १२ लाख २० हजार |

CamScanner